## नरैनापुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बाँके, ५ नं. प्रदेश, नेपाल

# संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन

२०७६ असार

# विषय सूची

**खण्ड १ : भूमिका** १
१.१ पृष्ठभूमि १
१.२ संगठन तथा व्यवस्थापन अध्ययनका उद्देश्यहरु १
१.३ अध्ययनको महत्व २
१.४ अध्ययन विधि २
१.५ अध्ययन प्रतिवेदन तयारीका सिमाहरु २

**खण्ड २ : नरैनापुर गाउँपालिकाको परिचय** ३
२.१ संक्षिप्त परिचय ३
२.२ राजनैतिक तथा प्रशासनिक केन्द्र ५
२.३ गाउँपालिकामा रहेका सम्भावना र अवसरहरु ५
२.४ गाउँपालिकाको समस्या र चुनौतीहरु ७
२.५ शहरीकरणको स्वरुप ८
२.६ गाउँपालिकाको अर्थतन्त्रको संरचनात्मक स्वरुप ८
२.७ आर्थिक विकासका सम्भावनाहरू ९
२.१० उद्योग १०

**खण्ड ३ : गाउँपालिकाको सांगठनिक संरचना** ११
३.१ विद्यमान सांगठनिक स्वरुप ११
३.१.१ कर्मचारी दरवन्दीको तेरिज १२
३.२ प्रस्तावित सांगठनिक संरचना १३
३.३ गाउँ कार्यपालिकामा रहने विषयगत शाखाहरुको कार्य विवरण १५
प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष नियन्त्रणमा रहने शाखाको कार्य विवरण २५

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

नेपालको संविधान बमोजिन मुलुक संघीय संरचना अनुसार तीन तहका राज्यवाट सेवा प्रवाह हुने भएको छ । संविधान प्रदत्त अधिकार अनुसार संविधान कार्यान्वयनको चरण संगै स्थानीय निकायमा निर्वाचन भई निर्वाचित प्रतिनिधीहरु वहाल भएका छन् । तथापी राज्यको नयाँ प्रणाली अनुसार बन्नु पर्ने ऐन तथा नियम बनी नसकेको अवस्थाले गर्दा स्थानीय तहका क्षेत्राधिकार भित्र पर्ने कार्य प्रभावकारीरुपमा गर्न असजिलो भएको अवस्था विद्यमान छ । गाउँपालिकाहरुको आवश्यकता अनुसार जनशक्ति व्यवस्थापन विस्तारै भएता पनी स्थानिय क्षेत्रको विकास र सेवा प्रवाहका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यक पर्ने जनशक्ति सहित सांगठनिक संरचना र दरवन्दी व्यवस्था गरे बमोजिम गाउँपालिकाहरुले कार्य गरि रहेको अवस्था छ ।

मन्त्रालयद्वारा सुझाइएको सांगठनिक संरचना र दरवन्दी कार्यान्वयनमा देखिएको समस्या तथा गाउँपालिकाको वर्तमान आवश्यकता तथा औचित्यताका आधारमा सांगठनिक ढाँचाका वारेमा संगठन तथा व्यवस्थापन अध्ययन गरि गाउँपालिकाको लागि उपयुक्त सांगठनिक संरचना र त्यस अन्तर्गत आवश्यक कर्मचारीको दरवन्दी प्रस्ताव तयार गरिएको छ ।

## १.२ संगठन तथा व्यवस्थापन अध्ययनका उद्देश्यहरू

यस संगठन तथा व्यवस्थापन अध्ययन (Organiztion and Mangement Study) को मुल उद्देश्य नरैनापुर गाउँपालिकाले स्वत: स्फुर्तरुपमा क्रियाशील रही गाउँक्षेत्रको आवश्यक सेवा प्रवाह तथा उपयुक्त विकास गर्नका लागि आवश्यक कर्मचारी सहित प्रशासनिक व्यवस्थापन गर्न एक बैज्ञानिक संगठन ढाँचा (Organization Frame) तयार गर्नु हो ।

यसका सहायक उद्देश्यहरु निम्नबमोजिम रहेका छन् :

क) विद्यमान सांगठनिक संरचना, दरबन्दी, कार्य विवरणको पुनरावलोकन गर्ने ।

ख) अध्ययन र छलफलका आधारमा नयाँ सांगठनिक ढाँचाको प्रस्ताव गर्ने ।

ग) प्रस्तावित सांगठनिक संरचना अनुसार दरवन्दी प्रस्ताव गर्ने ।

घ) प्रस्तावित नयाँ सांगठनीक संरचना बमोजिम कार्य विवरण तयार गर्ने

ङ) नयाँ सांगठनीक संरचना कार्यान्वयनको कार्ययोजना तयार गर्ने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्देशन गरे बमोजिम गाउँपालिकाहरूले आफ्नो सांगठनिक संरचना अनुसार कार्यान्वयन गरेता पनि गाउँपालिकाको विशिष्टता र सेवा प्रवाह क्षेत्रका विविधता अनुसार विभिन्न बाधा व्यवधान भएकाले उपयुक्त सांगठनिक संरचनाले गाउँपालिकाको सम्पूर्ण कार्यलाई व्यवस्थित, सहज र प्रभावकारी गराउने हुँदा गाउँपालिकाको आफ्नो आवश्यकता र गाउँक्षेत्रको समष्टिगत विकासलाई गति दिन नयाँ सांगठनिक संरचना तयार गर्न आवश्यक परेको हो ।

## १.४ अध्ययन विधि

यस संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन तयारीका विधीहरू निम्नानुसार छन्:

१) विद्यमान सांगठनिक संरचना, संवन्धित ऐन , नियम, कानून र निर्देशिकाहरुको अध्ययन गरिएको ।

२) गाउँपालिकाको पार्श्वचित्र, वस्तुस्थिति समस्या र सम्भावनाहरुको अध्ययन गरिएको ।

३) गाउँपालिकाको प्रमुख, प्रमुख प्रशासकिय अधिकृत तथा अन्य संबन्धित कर्मचारी र स्थानिय सेवा ग्राही संग अन्तरक्रिया गरिएको ।

४) पुनरावलोकन र अन्तर्क्रियावाट आएका कुराहरुको विष्लेषण गरी विज्ञहरुको अनुभवको आधारमा सांगठनिक संरचना तयार गरिएको ।

## १.५ अध्ययन प्रतिवेदन तयारीका सिमाहरू

थानीय निकाय सञ्चालनका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न किसिमका नमुना कानूनहरु बनाई सवै स्थानीय तहका परिपत्र गरे अनुसार गाउँपालिकाको कार्यविभाजन नियमावली र कार्यसम्पादन नियमावली तयार नभई सकेको अवस्था, गाउँपालिकाको विद्यमान अवस्थिति सेवाको माग, सेवा प्रभाहको पहिचाहान बारे यथेष्ट सुचनाको अभाव र निर्वाचित पदाधिकारी लगायत विभिन्न कर्मचारी /व्यक्तित्व संग गरिएको छलफलका आधारमा यो प्रतिवेदन तयार गरिएको छ तापनि तयारी गर्दाको स्रोत, साधन तथा समयको परिधीले अध्ययनको व्यापकतालाई केही सीमिततामा बाँधिन गएको छ ।

# खण्ड २ : नरैनापुर गाउँपालिकाको परिचय

## २.१ संक्षिप्त परिचय

नरैनापुर गाउँपालिका नेपालको ५ नं प्रदेश अन्तर्गत बाँके जिल्लामा रहेको छ। नरैनापुर गाउँपालिकाको स्थापना साविकका कटकुइया, लक्ष्मणपुर, कालाफाँटा, नरैनापुर, मटेहिया र गंगापुर गा.वि.स. समावेश गरी भएको हो। यस गाउँपालिकामा हाल ६ वटा वडाहरू कायम गरिएको छ। नरैनापुर गाउँपालिकाको पूर्वमा राप्ती सोनारी गाउँपालिका र भारत, पश्चिममा डुडुवा गाउँपालिका र भारत, उत्तरमा राप्तीसोनारी गाउँपालिका र दक्षिणमा भारत पर्दछन्।

बाँके जिल्लामा नयाँ गठन भएका गाउँपालिका तथा नगरपालिकाहरूमा विकासको सम्भावना बोकेको गाउँपालिकाको रूपमा नरैनापुर गाउँपालिका रहेको छ। यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी मुसलमान जाति १५,७७७ जना (४५.१५ प्रतिशत), दोस्रोमा यादव ५,५९५ (१६.०१ प्रतिशत) र तेस्रोमा चमार/हरिजन/राम १,३०३ (३.७३ प्रतिशत) रहेका छन्। तराई र चुरे क्षेत्रको सङ्गममा रहेको यस गाउँपालिकामा कृषि, व्यापार, प्राकृतिक स्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन्। औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य स्रोत व्यापार, उद्योग, साथै विकल्पमा नोकरी साथै वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ। यस गाउँपालिकामा आधारभूत तहदेखि माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालय जम्मा २१ वटा र मदरसा जम्मा १६ वटा गरी जम्मा ३७ शैक्षिक संस्थाहरू रहेका छन्। अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट समेत आउने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण नभएकोले यहाँका नागरिक विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैं, तिहार, इद, मुहरम, बकरइद, रमजान, बुद्धजयन्ती, क्रिसमस आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ।



Narainapur Rural Municipality
Location Map
1:100,000
0
2,250
4,500
9,000
m
Legend
Rural_Municipality_Office
Ward boundary
Municipality Boundary
National Boundary
Ward Office
River network
District Roads
Feeder road
Federal Democratic Republic of Nepal
C H I N A
I N D I A
Province no:1
Province no:2
Province no:3
Province no:4
Province no:5
Province no:6
Province no:7
Banke District
BARDIYA
SURKHET
SALYAN
DANG
BANKE
Rapti Sonari
Narainapur
Rapti Sonari Rural Municipality
Duduwa Rural Municipality
W: 1
W: 2
W: 3
W: 4
W: 5
W: 6
I N D I A
Source:
Administrative Boundary DoS, MoFALD
GIS Baseline Data CMP2074/75, Field Survey
PROJECTION SYSTEM

## २.२ राजनैतिक तथा प्रशासनिक केन्द्र

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका कटकुइया, लक्ष्मणपुर, कालाफाँटा, नरैनापुर, मटेहिया र गंगापुर गा.वि.स. समावेश गरी नरैनापुर गाउँपालिका घोषणा गरिएको हो । यस गाउँपालिकामा हाल ६ वटा वडाहरू कायम गरिएको छ ।

**तालिका नं. १ :** गाउँपालिकाको वडा विभाजन

| वडा नं | समावेश भएका साविकका गा.वि.स./न.पाहरू | साविकका वडाहरू |
|---|---|---|
| १ | कटकुइया | १-९ |
| २ | लक्ष्मणपुर | १-९ |
| ३ | कालाफाँटा | १-९ |
| ४ | नरैनापुर | १-९ |
| ५ | मटेहिया | १-९ |
| ६ | गंगापुर | १-९ |

*स्रोत : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय*

## २.३ गाउँपालिकामा रहेका सम्भावना र अवसरहरू

गाउँपालिकामा सेवामूलक, व्यवसाय, साना तथा ठूला उद्योगहरु, व्यापार, नोकरी वित्तीय सेवा जस्ता अवसरहरु छन् भने पोखरीहरुमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस नरैनापुर गाउँपालिकामा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वैज्ञानिक तथा व्यवस्थित कृषि योजना तथ प्रविधिको कमीले कृषिको विकास हुनसकेको छैन भने अर्को तर्फ रसायनिक मल तथा किटनाशक आदीको प्रयोगले माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कुलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा सन्तुलित वातावरणयुक्त स्थान सूरक्षित गर्नसक्ने देखिन्छ ।

गाउँपालिकामा क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरै वटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर, मासुजन्य उद्योग आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

यस गाउँपालिकामा प्राकृतिक नदी तथा खोलाहरु भएको र केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाको माग पूर्ति गर्न सक्ने सम्भावना रहेको छ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो गाउँपालिकाका गहनाको रुपमा विभिन्न किसिमका जातजातिका रहनसहन तथा चाडपर्व रहेका छन् भने धार्मिक, पौराणिक महत्वका स्थलहरू जब्दाहा बाबा, करिमुल्ला शाहको स्थान, सुन्दरमुन्दर राष्ट्रिय वन, मुस्लिमहरूको नमाज पढ्ने गरुड वीर, प्रसिद्ध बरफानी बाबा, २०० वर्ष पुरानो शिव मन्दिर, अमरधाम आश्रम, वेदीहिवा, पन्नाहवा मौजी बाबा कुटी, बडी कुटी, मलङसा बाबा, गोवर्धन दास कुटी र यस कुटीमा रहेको १५ मि. लामो मनमोहक झरना आदि गाउँपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

गाउँपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकिकृतरुपले स्वदेशमै रोजगार श्रृजना गर्न सके गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

प्रदेश नं. ५ को प्रमुख शहर नेपालगञ्जबाट ३५ कि.मी.को दुरीमा रहेको यस गाउँपालिका तराई क्षेत्रमा रहेको छ। यो गाउँपालिका क्षेत्रभित्र स-साना बजार केन्द्रहरु रहेका छन्। तसर्थ यि ग्रामीण बजार केन्द्रलाई क्रमश व्यवस्थित ढंगले विकास गर्न सकिन्छ।

यसका अतिरिक्त नरैनापुर गाउँपालिकाको विकासको लागि विभिन्न सम्भावनायुक्त उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- ✓ यस गाउँपालिका समथर भू-बनोट भएकोले सडक यातायात विस्तार गर्न सहज हुने र नजिकको ठूलो शहर नेपालगञ्जसम्मको सडक सम्पर्क स्थापित भैसकेकोले सोको स्तरउन्नति गर्न सके गाउँपालिकाको विकासको ढोका खुल्न सक्ने सम्भावनाहरु प्रशस्त छन्।
- ✓ आर्थिक क्रियाकलाप अन्तर्गत वैज्ञानिक कृषि उद्योगको विकास, सेवामुल्क व्यवसायहरु, व्यापार आदिको सम्भावना रहेको छ। माटोको उर्वरताको कारण विशिष्टिकरण गरी कृषिलाई प्रधानता दिन सके आर्थिक विकासको राम्रो सम्भावना रहेको छ भने अर्को तर्फ ५४.७७ प्रतिशत वन क्षेत्र र ५.४८ प्रतिशत क्षेत्र झाडी तथा बुट्यानले ओगटेको हुनाले उत्पादनशील वन व्यवस्थापन गरी जडिबुटी प्रशोधन सम्बन्धी उद्योग विकास गर्न सकिने सम्भावना रहेको छ।
- ✓ घरेलु, साना तथा मझौला उद्योगहरुको विकास मार्फत स्थानीय बासिन्दाहरुको आयलाई उल्लेख्य वृद्धि गर्न सकिन्छ। यस अन्तर्गत कपडा तथा गलैंचा उद्योग, हस्तकला, काष्ठकला तथा ललितकलामा आधारित उद्योगहरु, राप्ती नदी बगर क्षेत्रमा क्रसर उद्योग, इँटा उद्योग, काष्ठ उद्योग तथा मीलहरु, जलसम्पदामा आधारित मिनरल वाटर उद्योग सञ्चालन गर्न सकिन्छ।
- ✓ गाउँपालिकामा रहेका पोखरीहरू तथा कृत्रिम पोखरी निर्माण गरी व्यावसायिक माछापालन गर्न सकिने संभावना रहेको छ। साथै यस क्षेत्रमा रहेको गोवर्धन दास कुटी जहाँको १५ मि. लामो मनमोहक झरना लगायत गाउँपालिकामा रहेका प्राकृतिक तथा मठमन्दिरहरूको कारण पर्यटनको समेत विकास गर्न सकिन्छ।

## २.४ गाउँपालिकाको समस्या र चुनौतीहरु

यस नरैनापुर गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान समस्या तथा चुनौतीहरु निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ।

### चुनौती र समस्याहरु

- गाउँपालिकाको क्षेत्रभित्र पर्याप्त रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु।
- सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरुको समन्वयको अभाव।
- वातावरण संरक्षण र फोहोर व्यवस्थापनको ठोस योजना नहुनु।

- गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- गाउँपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु ।
- कृषीयोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- आयश्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- योजनाबद्ध बस्ती बिकासको अभाव ।
- अधिकांश क्षेत्रमा आकासे पानीमा निर्भर सिचाई ।
- परम्परागत कृषि प्रणाली ।
- वर्षेनी डुवान तथा कटानको समस्या कृषीयोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।

## २.५ शहरीकरणको स्वरूप

नरैनापुर गाउँपालिकाको सडक सञ्जाल देशको मुख्य शहरी क्षेत्रहरुसँग जोडिएको हुँदा गाउँपालिकाको सबै वडाहरुमा सडक, विद्युत, संचार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिन्छ। कृषिजन्य कच्चा पदार्थको उपलब्धता हुनु, देशको प्रमुख शहर नेपालगञ्ज उपमहानगरपालिकाबाट निकट हुनुले गाउँपालिकामा अन्य उद्योगधन्दाको साथै कृषिमा आधारित उद्योगहरुको विकासको सम्भावना रहेको छ । यसका अतिरिक्त अधिकांश क्षेत्रहरू शहरोन्मुख अवस्थामा रहेको देखिन्छन्। गाउँपालिकाका अधिकांश भू-भागमा छिमेकी गाउँपालिकाबाट बसाइसराइको क्रम वृद्धि भइरहेको र गाउँपालिकाका अन्य क्षेत्रहरुमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित नगर योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ।

## २.६ गाउँपालिकाको अर्थतन्त्रको संरचनात्मक स्वरूप

गाउँपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, वन, मत्स्यपालन, उद्योग, पानी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल भूभाग भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन । यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ । मील, फर्निचर उद्योग, धागोको उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन् । यस गाउँपालिकाका मानिसहरु क्रमश साना तथा ठूला उद्योगहरुको विकास तर्फ लागिरहेका छन् । यस गाउँपालिकाका मुख्य आर्थिक क्रियाकलापहरुमा कृषि, पशुपालन, व्यापार व्यवसाय, नोकरी र वैदेशिक रोजगार रहेको देखिन्छ।

## २.७ आर्थिक विकासका सम्भावनाहरू

नरैनापुर गाउँपालिकामा आर्थिक विकास अन्तर्गत स-साना उद्योगहरु, सेवामूलक व्यवसाय, नोकरी, व्यापार शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्। समग्रमा यस नरैनापुर गाउँपालिकामा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, जुट, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सोको अधिकतम लागत मूल्यले गर्दा सोको प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ अवैज्ञानिक कृषि, जलवायु परिवर्तन, भूमण्डालय तापमान बृद्धि जस्ता कारणले माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा सूरक्षित स्थानको जोहो गर्न सकिनेछ।

गाउँपालिकामा दुग्ध उत्पादन तथा पशुपन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ। यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकामा भएका पोखरीहरूलाई माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ। माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई गाउँकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिका क्षेत्रमा विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ । गाउँपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरुबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ ।

देशमै बेरोजगारी समस्या एक चुनौती रहेको र त्यसको प्रभाव यस गाउँपालिकामा समेत रहेकाले र बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने सम्भावना देखिन्छ।

## २.१० उद्योग

विकासको प्रमुख आधारशीला मध्ये उद्योग पनि एक प्रमुख आधार हो । नरैनापुर गाउँपालिकामा साना तथा ठुला उद्योगहरु एवं कृषि तथा वन पैदावारमा आधारित साना उद्योगहरु सञ्चालनमा रहेका छन् । परम्परागत उद्योगमा आधारित स-साना घरेलु उद्योगहरु सञ्चालनमा रहेको देखिन्छ तर यसलाई अझ व्यवसायिक र प्राथमिकता साथ लैजानु पर्ने देखिन्छ । नरैनापुर गाउँपालिकामा उपलब्ध प्राकृतिक कच्चा पदार्थ तथा विभिन्न स्रोत र साधनले नरैनापुर गाउँपालिकामा उद्योगको संभावना प्रखर देखिन्छ तर लगानी अभाव तथा विभिन्न पुर्वाधारको असुविधाको कारण उद्योगमा अपेक्षित विकास हुन सकेको देखिँदैन । यहाँ सञ्चालित केही साना उद्योगहरुले नरैनापुर गाउँपालिका लगायत आसपासका क्षेत्रहरुको सिमित स्थानिय आवश्यकता परिपुर्ति गर्न मात्र सफल भएका छन् तर ती उद्योगहरुले राष्ट्रिय माग तथा अर्थतन्त्रको हिस्सा भने खासै ओगट्न सकेको देखिँदैन ।

नरैनापुरका गाउँपालिकाका वासिन्दारू अधिकांश किसान भए पनि केही आंशिक र पूर्णकालीन रूपमा व्यापार व्यवसाय गर्दछन् । किराना पसल, फेन्सी पसल, भेट्नरी, मिल, नोकरी साथसाथै पछिल्लो समयमा वैदेशिक रोजगारमा पनि यहाँका मानिसहरुको आकर्षण बढ्दै गइरहेको देखिन्छ। जसबाट यहाँका बासीन्दाहरुले जिविकोपार्जन र आर्थिक आयआर्जन गर्ने लक्ष्य लिएका हुन्छन् ।

# खण्ड ३ : गाउँपालिकाको सांगठनिक संरचना

## ३.१ विद्यमान सांगठनिक स्वरूप



## ३.१.१ कर्मचारी दरवन्दीको तेरिज

# नरैनापुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय दरबन्दी तेरिज

| क्र.स. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दी | अन्य सेवाबाट समायोजन नहुने दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्र. | | १ | | १ | |
| २ | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ३ | सि.डि.ई. | ९/१० | इन्जि. | सिभिल | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | | १ | | १ | |
| ५ | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | | १ | | १ | |
| ६ | अधिकृत | ७/८ | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ७ | जनस्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | ज.स्वा. | | १ | | १ | |
| ८ | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | वि.ए.आ. | १ | | १ | |
| ९ | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | | १ | | १ | |
| १० | आ.ले.प. अधिकारी | ७/८ | प्रशासन | लेखा | ले.प. | १ | | १ | |
| ११ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| १२ | प.हे.न. | ५/६ | स्वास्थ्य | क.न. | | १ | | १ | |
| १३ | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे.ई. | | १ | | १ | |
| १४ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ५ | | ५ | |
| १५ | लेखा सहायक | ५ | प्रशासन | लेखा | | १ | | १ | |
| १६ | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | | १ | | १ | |
| १७ | सव-इन्जिनियर | ५ | इन्जि. | सिभिल | | २ | | २ | |
| १८ | महिला विकास निरीक्षक | ५ | विविध | | | १ | | १ | |
| १९ | कम्प्यूटर अपरेटर | ५ | विविध | | | १ | | १ | |
| २० | अमिन | ४ | इन्जि. | सर्भे | | १ | | १ | |
| २१ | सहायक | ४ | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| २२ | स.ले.पा. | ४ | प्रशासन | लेखा | | १ | | १ | |
| २३ | सहायक महिला विकास निरीक्षक | ४ | विविध | | | १ | | १ | |
| **कार्यालय तर्फ जम्मा** | | | | | | ३२ | | ३२ | |
| **वडा कार्यालय (६ वटा)** | | | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ६ | | ६ | |
| २ | सव-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ६ | | ६ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ७ | ६ | १ | |
| ४ | अ. सव-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ७ | | ७ | |
| | | | | | | | | | |
| **वडा कार्यालय तर्फ जम्मा** | | | | | | २६ | ६ | २६ | |
| **कुल जम्मा** | | | | | | ५८ | ६ | ५८ | |

*नोटः स्वीकृत जम्मा दरबन्दी संख्या ५२ हुनु पर्नेमा ५१ मात्र भएको मन्त्रालयको पत्रमा भएको छ वा फरकको स्पष्ट नभएको*

- वन सेवाको जनशक्ति

- स्वास्थ्य ल्याब हेर्ने जनशक्ति

## ३.२ प्रस्तावित सांगठनिक संरचना

गाउँपालिकाको सामाजिक, आर्थिक, भौगोलिक, राजनैतिक अवस्था तथा निर्वाचित पदाधिकारीहरु र सम्बन्धित कर्मचारीहरु संग गरिएको छलफलको आधारमा गाउँपालिकाको संम्पूर्ण कार्यलाई २ भाग १) प्रशासनिक कार्य, २) विकास कार्य मा विभाजन गरि निम्नबमोजिमको संगठन संरचना प्रस्ताव गरिएको छ :

**संगठन संरचना (प्रस्तावित)**



## १) प्रशासकिय कार्य तर्फ निम्नबमोजिम शाखाहरु प्रस्ताव गरिएको छ :

१) प्रशासन शाखा

२) योजना ,अनुगमन तथा मुल्याङ्गन शाखा

३) आर्थिक प्रशासन शाखा

४) कानून शाखा

५) आय बृद्धि तथा राजश्व शाखा

६) सुचना प्रविधि तथा तथ्याङ्क शाखा

### १.१) प्रशासकिय कार्य अन्तर्गत प्रमुख प्रशासकिय अधिकृतको मातहतमा निम्न ईकाई रहनेछन् :

१) आन्तरिक तथा लेखापरिक्षण ईकाई

२) प्रशासकिय कार्य अन्तर्गत प्रमुख प्रशासकिय अधिकृतको मातहतमा १ देखि ६ वडा कार्यालयहरु रहनेछन्

३) प्रशासकिय कार्य अन्तर्गत प्रमुख प्रशासकिय अधिकृतको मातहतमा नगर प्रहरीको व्यवस्थापन तथा संचालन हुनेछ

## २) विकास कार्य तर्फ निम्नबमोजिम शाखाहरु प्रस्ताव गरिएको छ :

१) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

२) स्वास्थ्य तथा सामाजिक विकास  शाखा

३) शिक्षा, युवा तथा खेलकुद विकास शाखा

४) आर्थिक तथा ब्यवसाय विकास शाखा

### २.१) विकास कार्य अन्तर्गत शाखाका मातहतमा निम्न ईकाई रहनेछन् :

१) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा : यस शाखा अन्तर्गत निम्न उपशाखा/ईकाई  रहनेछन् :

क) सडक तथा अन्य पूर्वाधार विकास उपशाखा/ईकाई

ख) भवन तथा शहरी विकास उपशाखा/ईकाई

ग) वातावरण सरसफाई तथा विपद व्यवस्थापन उपशाखा/ईकाई

२) स्वास्थ्य तथा सामाजिक विकास शाखा अन्तर्गत : यस शाखा अन्तर्गत निम्न उपशाखा/ईकाई  रहनेछन् :

क) सामाजिक सुरक्षा तथा पन्जिकरण उपशाखा/ईकाई

ख) महिला बालवालिका तथा समाज कल्याण उपशाखा/ईकाई

ग) प्राथमिक स्वास्थ्य केन्द्र/ स्वास्थ्य चौकी

३) शिक्षा, युवा तथा खेलकुद शाखा : यस शाखा अन्तर्गत निम्न उपशाखा/ईकाई रहनेछन्:

क) बालबालिका, विद्यालय, खेलकुद विकास, युवा विकास, स्थानीयस्तरका प्राविधिक तथा ब्यवसायिक तालिम केन्द्र

## ३.३ गाउँ कार्यपालिकामा रहने विषयगत शाखाहरूको कार्य विवरण :

### १. प्रशासन शाखा

१. स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना कार्यान्वयन र नियमन,

२. संगठन विकास, संगठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, क्षमता विकास र वृत्ति विकास,

३. संघ तथा प्रदेश तहमा संविधान तथा कानून बमोजिमको सहभागिताको व्यवस्थापन,

४. वडा कार्यालयहरुसँग सम्पर्क, समन्वय र सहजिकरण,

५. गाउँ कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, ऐन, नियम तथा कानूनको मस्यौदा तयारीमा शाखागत समन्वय र संयोजन,

६. सार्वजनिक खरिद, तथा गाउँको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख व्यवस्थापन,

७. सबै महाशाखासँग समन्वय गरि बार्षिक खरिद योजना तयारी,

८. गाउँसभा तथा गाउँकार्यपालिकाको बैठक व्यवस्थापन र अन्य सभा समारोह सम्बन्धि कार्य,

९. कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन व्यवस्थापन,

१०. आफु मातहतका उपशाखा/ईकाईहरुको कामको समन्वय, परिचालन, अनुगमन र नियन्त्रण,

११. आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव चैत्र मसान्तभित्र तयार गरि आर्थिक प्रशासन शाखामा पठाउने,

१२. गाउँ तथा वडाको लागि नागरिक वडा पत्र तयारी तथा हरेक वर्ष अध्यावधिक,

१३. आफ्नो शाखा संग सम्बन्धित सम्पुर्ण निर्णयहरु तथा गाउँले गरेका दीर्घकालीन महत्वका सबै सम्झौताहरु सम्बन्धि फाइल सुरक्षित रुपमा व्यवस्थित तरिकाले राख्ने,

१४. स्थानीय उत्सव, जात्रा आदिको व्यवस्थापन तथा उपाधी तथा विभुषण सम्बन्धी सिफारिसको अभिलेख राख्ने ।

१५. कर्मचारीहरुको अध्यावधिक विवरण तयारी गर्ने, क्षमता विकास सम्बन्धी कार्यक्रमहरुको प्रस्ताव तयारी, कार्य सम्पादन मूल्यांकनको अभिलेख व्यवस्थापन,कर्मचारीको व्यवस्थापन, सरुवा, वृद्धि विकास, दण्ड, पुरस्कारको लागि सिफारिस,दैनिक हाजिरी नियन्त्रण, कानून बमोजिमका पदाधिकारी तथा कर्मचारीहरुको सम्पत्ति विवरण पेश गर्न सूचित गर्ने ।

१६. शाखासँग सम्बन्धित अन्य कार्यहरु

१७. अरु शाखालाई नतोकिएका अन्य सम्पूर्ण कार्यहरु ।

१८. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

१९. प्रशासन शाखा अन्तर्गत रहने आन्तरिक व्यवस्थापन (जिन्सी शाखा)

१९.१ गाउँपालिकाभित्रको सरकारी सम्पत्ति, आफ्नो स्वामित्वमा रहेको भवन लगायत चल अचल सम्पत्तिको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने,

१९.२ लिलाम गर्नुपर्ने तथा मर्मत गर्नुपर्ने सामानको विवरण तयार गरी कार्यान्वयन अगाडी बढाउने ,

१९.३ प्रचलित कानून बमोजिम प्रत्येक वर्ष जिन्सी निरीक्षण गराउने,

१९.४ कार्यालयका लागि आवश्यक जिन्सी सामानको व्यवस्थापन, भण्डार दाखिला, निकासी,

१९.५ कार्यालयका सवारी साधनको अभिलेख राख्ने,

१९.६ सवारी साधन परिचालन गर्ने,

१९.७ सवारी प्रयोगको लगबुक नियमित रुपमा प्रमाणित गराई राख्ने,

### (२) आर्थिक प्रशासन शाखा :

१. आर्थिक (कार्यविधि) नीति, कानून र मापदण्डको कार्यान्वयन र आर्थिक प्रशासन सञ्चालन,

२. सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन,

३. लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्य सञ्चालन कोष तथा अन्य सरकारी कोषको सञ्चालन तथा एकीकृत विवरण तयारी,

४. समष्टिगत आर्थिक अवस्थाको विश्लेषण,

५. लगानी प्रक्षेपण (सरकारी, सहकारी तथा निजी) र वित्तीय व्यवस्थापन,

६. लगानी र लाभांशको व्यवस्थापन (जनसहभागिता तथा सामुदायिक लगानीको अभिलेख समेत),

७. कारोबारको लेखांकन, नियन्त्रण तथा व्यवस्थापन,

८. व्ययको अनुमान,

९. बेरुजू फछ्र्यौट,

१०. आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य विषय,

११. अन्तिम लेखा परीक्षण गराउने कार्य,

१२. ऋण, अनुदान तथा जमानतको अभिलेख व्यवस्थापन,

१३. धरौटी स्याहा तथा फिर्ता,

१४. संघ, प्रदेश सरकारबाट प्राप्त सर्शत बजेटको खर्च व्यवस्थापन,

१५. संघ, प्रदेश सरकारबाट प्राप्त रकमको व्यवस्थापन,

१६. विभिन्न कोषहरुको सञ्चालन तथा व्यवस्थापन,

१७. आर्थिक कारोबारको लेखा परीक्षण गराउने,

१८. वडा कार्यालयबाट हुने गरी तोकिएको आर्थिक कारोबारको आर्थिक प्रशासन, व्यवस्थापन र लेखा परीक्षण,

१९. आर्थिक विषयमा प्रमुख प्रशासकिय अधिकृतलाई राय/परामर्श दिने ।

२०. शाखासँग सम्बन्धित अन्य कार्यहरु ।

२१. बजेट तथा योजना तर्जुमा गर्न योजना, अनुगमन तथा मूल्यांकन शाखासँग सहकार्य गर्ने ।

### (३) योजना, अनुगमन तथा मूल्याङ्कन शाखा

१. क्षेत्रगत विकास नीति तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन
२. विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
३. अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना एवं गुरुयोजना तर्जूमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन,
४. सबै शाखा तथा वडाबाट प्राप्त बजेट तथा कार्यक्रमहरु आर्थिक प्रशासन शाखाको समन्वयमा तयार गरी एकीकृत बजेट कार्यपालिका मार्फत गाउँसभामा पेश गर्ने
५. वार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा, कार्यान्वयन,
६. विकास निर्माण प्रक्रियामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन,
७. विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन,
८. उपभोक्ता समितिको अभिलेख अध्यावधिक तथा क्षमता विकास,
९. विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण,
१०. संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,
११. विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।
१२. विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा,
१३. विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण,
१४. आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,
१५. बिषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन ।
१६. शाखासँग सम्बन्धित अन्य कार्यहरु
१७. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

### (४) कानून शाखा

१. कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मस्यौदामा संयोजन र समन्वय,
२. कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मस्यौदामा संयोजन र समन्वय,
३. न्याय, कानून, मानव अधिकार प्रवर्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन,
४. न्यायिक समितिको सचिवालय सम्बन्धी कार्य,
५. मानव अधिकारको संरक्षण तथा प्रर्वधन सम्बन्धी कार्य,
६. व्यक्ति र समुदाय बिच मेलमिलाप र मध्यस्थताको अभिलेख व्यवस्थापन,
७. न्यायिक समितिको निर्णय तथा फैसला कार्यान्वयन,
८. न्यायिक प्रतिरक्षा एवं पूर्वपक्षसँग सम्बन्धित कार्यको व्यवस्थापन र सहजिकरण,
९. नीति, कानूनको प्रमाणित प्रतिको संरक्षण, प्रकाशन र अभिलेख,
१०. कार्यालयको कामको सन्दर्भमा कानूनी राय तथा परामर्श सम्बन्धी कार्यहरु,

११. ऐन, नियम, कार्यविधि, आदेश, निर्देशन, मापदण्डको प्रमाणिकरण व्यवस्थापन, राजपत्र प्रकाशन र अभिलेख व्यवस्थापन,
१२. विधायन सम्वन्धी अन्य कार्य,
१३. शाखासँग सम्बन्धित अन्य कार्यहरु ।
१४. सूचनाको हक सम्बन्धि कानून कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन
१५. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

### (५) आयवृद्धि तथा राजश्व प्रशासन शाखा

१. राजश्वको दायरा विस्तार गर्ने क्षेत्रहरुको पहिचान, तथ्यांक संकलन तथा विश्लेषण गर्ने,
२. सम्पूर्ण करदाताको अभिलेख व्यवस्थापन गर्ने,
३. आफ्नो क्षेत्रभित्र राजस्वका दर तथा शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन,
४. स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर असुली,
५. मालपोत संकलन/सम्पत्ति कर संकलन,
६. हाट बजार व्यवस्थापन,
७. प्रचलित कानून बमोजिम दण्ड जरिवाना,
८. राजश्व परामर्श समितिलाई आवश्यक सूचना उपलब्ध गराउने र सचिवालय सम्बन्धी कार्य गर्ने,
९. राजश्व संकलनलाई प्रभावकारी बनाउन प्रवर्द्धनात्मक, उपायहरुको अवलम्बन गर्ने,
१०. सम्बन्धित शाखा तथा निकायसँग राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,
११. बाँकी बक्यौता रकमको लगत र असुल उपर,
१२. करदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
१३. प्राकृतिक स्रोतबाट प्राप्त हुन सक्ने सम्भावित रोयल्टी, शुल्क आदीको विश्लेषण तथा पूर्व अनुमान गरी अभिलेख व्यवस्थापन गर्ने,
१४. प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना,
१५. शाखासँग सम्बन्धित अन्य कार्यहरु ।
१६. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

### (६) सूचना प्रविधि तथा तथ्याङ्क शाखा

१. आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण,
२. एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण,
३. आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख व्यवस्थापन,
४. अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग,
५. सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन,

६. वैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी प्रवर्द्धन,
७. सूचनाको हकको प्रचलन,
८. सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन,
९. सूचना केन्द्रको स्थापना र सञ्चालन व्यवस्थापन,
१०. तथ्याङक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन,
११. सूचना तथा अभिलेख केन्द्रको सञ्चालन,
१२. स्थानीय तथ्याङक संकलन, प्रशोधन, अभिलेखीकरण तथा वितरण,
१३. आधारभूत तथ्यांक संकलन र व्यवस्थापन : जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक एवं अभिलेख,
१४. कार्यालयसँग सम्बन्धित सबै किसिमका तथ्यांकहरुको एकीकरण तथा वितरण,
१५. प्रदेश तथा संघसँग तथ्यांक एवं सूचना आदानप्रदान र समन्वय,
१६. सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख (प्रोफाईल) व्यवस्थापन,
१७. शाखासँग सम्बन्धित अन्य कार्यहरु ।
१८. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

### (७) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा :

**पूर्वाधार तर्फ :**

१. स्थानीय सडक तथा यातायात सम्बन्धी नीति, कानून तथा मापदण्ड तथा नियमन,
२. पुर्वाधार विकास सम्बन्धि गुरु योजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, मर्मत, सम्भार,
३. यातायात सुरक्षा व्यवस्थापन र नियमन,
४. भवन सम्बन्धी नीति, कानून मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, कार्यान्वयन, अनुगमन र नियमन,
५. राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण, निर्माण अनुमति, अनुगमन र नियमन,
६. शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,
७. भू-उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,
८. सिंचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत सम्भार र नियमन,
९. विद्युत उत्पादन, प्रसारण, आपूर्ति तथा मर्मत सम्भार गर्ने
१०. नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जा, सडक बत्ती तथा खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन,

११. खानेपानी आयोजनाको सञ्चालन, व्यवस्थापन र नियमन तथा सडक बत्तीको व्यवस्थापन,
१२. स्वीकृत योजना तथा कार्यक्रमहरुको सम्झौता, कार्यान्वयन, अनुगमन तथा नियमन
१३. आफ्नो शाखाको आवश्यक बजेट प्रस्ताव तयार गरि आर्थिक प्रशासन शाखामा पठाउने,
१४. सार्वजनिक निर्माणको गुणस्तर कायम गर्ने,
१५. वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रर्वधन,
१६. स्थानीय सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
१७. भवन निर्माणको लागि नक्शा स्वीकृति तथा संशोधनको लागि सिफारिस,
१८. आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसँग समन्वय,
१९. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

**वातावरण तर्फ :**

१. वन उपभोक्ता समूहको व्यवस्थापन,
२. सामुदायिक, धार्मिक र कबुलियति वनको व्यवस्थापन,
३. नदी किनार, नदी उकास, दहत्तर, वहत्तर, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,
४. निजी तथा व्यावसायिक वनको प्रबर्द्धन र नियमन,
५. सार्वजनिक खाली जग्गा, पाखा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,
६. जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रबर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन,
७. वन, बीऊ बगैँचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन,
८. नर्सरी स्थापना, विरुवा उत्पादन, वितरण, वृक्षारोपण र प्रर्वधन,
९. वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन,
१०. वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन,
११. स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,
१२. स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,
१३. स्थानीय स्तरमा आखेटोपहारको व्यवस्थापन,
१४. वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,
१५. रैथाने प्रजातिको संरक्षण र प्रवर्धन,
१६. मिचाहा प्रजातिको नियन्त्रण,
१७. जैविक विविधताको अभिलेख,
१८. सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,
१९. भूसंरक्षण र जलाधार व्यवस्थापन जन्य सामुदायिक अनुकूलन,
२०. जलवायू परिवर्तन अनुकुलन कार्य,
२१. आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रबर्द्धन, व्यवस्थापन,
२२. हरियाली तथा हरित क्षेत्रको प्रर्वद्धन,

२३. वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण,
२४. हानिकारक पदार्थहरूको नियमन तथा नियन्त्रण,
२५. वातावरणीय जोखिम न्यूनीकरण,
२६. वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,
२७. फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण रनियमन
२८. जलवायू परिवर्तन अनुकुलन कार्यक्रम,
२९. शाखासँग सम्बन्धित अन्य कार्यहरु ।
३०. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

**विपत व्यवस्थापन तर्फ**

१. विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीय स्तरका आयोजनाको कार्यान्वयन र नियमन,
२. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना,
३. विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,
४. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,
५. विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,
६. विपद् कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,
७. विपद् पश्चात् स्थानीय स्तरको पुनर्स्थापना र पुनर्निर्माण,
८. विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
९. प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी,
१०. विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
११. बारुणयन्त्रको सञ्चालन तथा व्यवस्थापन,
१२. स्थानीय आपतकालिन कार्य सञ्चालन प्रणाली विकास,
१३. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

### (८) स्वास्थ्य तथा सामाजिक विकास शाखा

**स्वास्थ्य तर्फ :**

१. आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन,
२. राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,
३. आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रबर्द्धन,
४. अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,
५. स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
६. सरसफाई सचेतनाको अभिवृद्धि,

७. रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा,
८. औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,
९. स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,
१०. औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,
११. औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,
१२. स्वास्थ्य प्रयोगशाला सञ्चालन,
१३. स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,
१४. जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),
१५. प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,
१६. जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,
१७. सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,
१८. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,
१९. स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रर्वधन,
२०. जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,
२१. सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम,
२२. योग, ध्यान केन्द्रको सञ्चालन,
२३. योग, ध्यान, प्राकृतिक चिकित्सा प्रर्वधन,
२४. शाखासँग सम्बन्धित अन्य कार्यहरु ।
२५. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

**<u>सामाजिक विकास तर्फ</u>**

१. महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन,
२. आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण र मुलप्रवाहिकरण,
३. लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना,
४. बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल,
५. असहाय बालबालिका, सडक बालबालिका व्यवस्थापन,
६. बाल हिंसा नियन्त्रण,
७. बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमति र नियमन,
८. बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
९. आधुनिक प्रविधि मार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री),

१०. व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्बन्धी अभिलेख व्यवस्थापन तथा प्रतिवेदन,
११. ज्येष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य,
१२. ज्येष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,
१३. अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,
१४. अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य,
१५. विधवा तथा एकल महिला सम्बन्धी कार्य,
१६. कमजोर वर्ग, समुदाय, लिगं, क्षेत्र तथा अल्पसंख्यक भाषा, धर्म, सस्कृतिको सम्बन्धि नीति, कानुन, मापदण्ड सम्बन्धि कार्य,
१७. आदिवासी, जनजाति, मुस्लिम, अल्पसंख्यकहरुको हित प्रर्वधन सम्बन्धी नीति, कानून, कार्यान्वयन, अनुगमन र नियमन,
१८. स्थानीय स्तरमा समाजकल्याण सम्वन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था) को दर्ता, नवीकरण, खारेजी, परिचालन तथा अनुगमन नियमन,
१९. गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन,
२०. गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र नियमन,
२१. सामाजिक सुरक्षा सम्बन्धि नीति कानुन मापदण्ड नियमन,
२२. शाखासँग सम्बन्धित अन्य कार्यहरु ।
२३. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

### (९) शिक्षा, युवा तथा खेलकुद शाखा

१. प्रारम्भिक बाल शिक्षा, आधारभूत तह, माध्यमिक तह, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,
२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
३. परीक्षा सञ्चालन तथा व्यवस्थापन,
४. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
५. स्थानीय स्तरको पाठ्यक्रम निर्माण र कार्यान्वयन,
६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन,
७. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
८. युवा जागरण, सशक्तिकरण र परिचालन,
९. स्थानीय स्तरमा खेलकूद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,
१०. खेलकूदको विकास र प्रवर्द्धन,
११. युवा जागरण, सशक्तिकरण र परिचालन,
१२. युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास,

१३. स्थानीयस्तरमा खेलकूद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,
१४. खेलकूदको लागि संरचना पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,
१५. खेलकूदको विकास र प्रवर्द्धन,
१६. खेलकूद प्रतियोगिता आयोजना र सहभागिता,
१७. अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय,
१८. भाषा, कला, साहित्य संस्कृतिको संरक्षण, सम्वर्द्धन, विकास र प्रर्वधन,
१९. भाषा, संस्कृति, साहित्य, सम्पदा र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
२०. भाषा, साहित्य, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रबर्द्धन र विकास,
२१. स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,
२२. शाखासँग सम्बन्धित अन्य कार्यहरु ।
२३. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

## (१०) आर्थिक तथा ब्यवसाय विकास शाखा

**कृषि तर्फ**

१. कृषि, कृषि प्रसार, पशुपंक्षी विकास, नश्ल सुधार, पशु स्वास्थ्य, कृषि तथा पशुपंक्षी उत्पादन, व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
२. कृषि तथा पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,
३. कृषक तथा पशु पालकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,
४. कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,
५. कृषि तथा पशुपंक्षी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन,
६. कृषि, पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य,
७. सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,
८. स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, समायोजन, खारेजी र विघटन,
९. स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र परिचालन,
१०. रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,
११. लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन,
१२. लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन,
१३. खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,

१४. ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,
१५. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

**आर्थिक विकास तर्फ**

१. लघु, घरेलु तथा साना उद्योगको विकास र प्रर्वधन,
२. उद्यमशिलता प्रर्वधन,
३. व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी,
४. सीप विकास सम्बन्धी कार्यको प्रबर्द्धन,
५. प्रचलित कानून बमोजिम लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी,
६. सहकारीको दर्ता नविकरण, नियमन,
७. खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
८. पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी आर्थिक विकासका योजना तर्जुमा र कार्यान्वयन गर्ने,
९. पुरातात्विक महत्वका प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रबर्द्धन र विकास,
१०. परम्परागत रुपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,
११. स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन,
१२. पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रर्वधन,
१३. पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन,
१४. पार्कहरुको विकास, संरक्षण र प्रर्वधन,
१५. स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र नियमन,
१६. शाखासँग सम्बन्धित अन्य कार्यहरु ।
१७. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

## प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष नियन्त्रणमा रहने शाखाको कार्य विवरण

### (क) आन्तरिक लेखा परीक्षण ईकाई

१. आन्तरिक तथा पूर्व लेखापरीक्षण,
२. लेखापरीक्षण विवरण (बेरुजूको लगत समेत)को अभिलेख व्यवस्थापन ,
३. अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण,
४. लेखापालन सम्वन्धी क्षमता विकास कार्य,
५. सामुदायिक विद्यालयहरुको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणमा सहजिकरण र समन्वय,

६. शाखासँग सम्बन्धित अन्य कार्यहरु ।

७. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

**(ख) वडा कार्यालय समन्वय ईकाई**

१. वडा कार्यालयवाट सम्पादन हुने कार्यहरुका लागि सम्पर्क तथा समन्वय गर्ने ।

२. वडा स्तरीय बजेट तर्जुमामा सहजीकरण

**(ख) नगर प्रहरी परिचालन**

१. नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन

२. नगर प्रहरी परिचालन,

३. नीति, कानून, मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग,

४. सार्वजनिक सम्पत्तिको संरक्षण,

५. गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापनमा सहयोग,

६. स्थानीय बजार तथा पार्किङ्ग स्थलको व्यवस्थापनमा सहयोग,

७. नगर प्रहरी सम्बन्धी कार्यपालिकाले तोके बमोजिमका नीति, योजना र कार्यक्रम कार्यान्वयन,

८. गाउँ बस्ती सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन र कसूर उपर छानविन र अनुसन्धान,

९. स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग,

१०. कार्यालय परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

११. विपद् व्यवस्थापनमा सहयोग,

१२. अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग,

१३. फूटपाथ व्यवस्थापन,

१४. इरिक्सा, रिक्सा, टेम्पु जस्ता साना सवारी साधनको अनुमति, व्यवस्थापन र नियमन,

१५. निर्माण नियमन,

१६. गुणस्तर नियन्त्रणमा सहयोग,

१७. नगर प्रहरी सम्बन्धी अन्य कार्य,

१८. शाखासँग सम्बन्धित अन्य कार्यहरु ।

१९. आफ्नो शाखाको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी योजना र आर्थिक प्रशासन शाखामा पठाउने

**********